जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०     व.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३९     अंक १८     २०७७ साल मंसिर १४ गते आइतवार (29 Nov 2020 Sunday)     मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्वन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र* – **पृष्ठ २ मा** : एक सय ३६ वटा ... **पृष्ठ ३ मा** : विभिन्न पालिका तथा विद्यालयहरुमा ... **पृष्ठ ४ मा** : नाका खोलाउन ... **पृष्ठ ५ मा** : घरबाटै लागु औषधको ...

# मैथिली भाषाको संरक्षण सम्वर्द्धनका लागि प्रचार प्रसार आवश्यक : पूर्व मन्त्री यादव




**राजविराज**/पूर्व शिक्षा मन्त्री एवम् सांसद रेणु कुमारी यादवले मैथिली भाषा, संस्कृति र साहित्यको विशिष्ठ पहिचान रहेकोले संरक्षण सम्वर्द्धन गर्न व्यापक प्रचार प्रसार हुनुपर्नेमा जोड दिएका छन् ।

मैथिली भाषाका महाकवि विद्यापतिको स्मृति दिवसको अवसरमा शनिवार मैथिली भवनमा आयोजित श्रद्धाञ्जली सभा एवम् सम्मान कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । परिषद्का आजिवन सदस्य समेत रहेकी प्रमुख अतिथि यादवले विश्वका मातृभाषाहरुमध्ये मैथिली अत्यन्त समृद्ध भाषा रहेको बताउँदै मैथिली भाषा, संस्कृति र साहित्यको विशिष्ठ पहिचान रहेकोले यसको संरक्षण सम्वर्द्धन एवम् व्यापक प्रचार प्रसार आवश्यक रहेको जिकिर गरिन ।

देशकै दोस्रो तथा प्रदेश २

***बाँकी पाँच पृष्ठमा***

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, सप्तरीको
जरुरी सूचना

नेपाल सरकारले बैंक तथा वित्तिय संस्थामा खाता खोल्न र ऋण लिन, चल अचल सम्पति खरिद बिक्री गर्न, पेन्सन बुझ्न, सामाजिक सुरक्षा भत्ता लिन, शेयर खरिद बिक्रि गर्न, लोकसेवाको फाराम भर्न, पासपोर्ट बनाउन तथा बत्ति, पानी र टेलिफोनको सेवा लिने जस्ता अति आवश्यक सेवामा राष्ट्रिय परिचय नंवर अनिवार्य गर्न लागेको हुँदा **नेपाली नागरिकता प्रमाणपत्र प्राप्त** सबै व्यक्ति तथा नयाँ नागरिकता वा प्रतिलिपि लिन, राहदानी बनाउन वा अन्य सेवा लिन यस कार्यालयमा आउने सबै नागरिकले यस कार्यालयको राष्ट्रिय परिचयपत्र ईकाईमा सम्पर्क गरी राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउनु हुन अनुरोध छ । विवरण दर्ता गराउन आउँदा सक्कल नागरिकता, विवाह दर्ता प्रमाणपत्र वा पति पत्नीको नाता खुल्ने सरकारी कागज, बसाई सरि आएकाको हकमा बसाई सराई प्रमाणपत्रको सक्कल प्रति समेत लिइ आउन सूचित गरिन्छ ।

प्रशासकीय अधिकृत

*सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९*

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३०५११४४१७

चलानी नं. :- ८५
पत्र संख्या :- ०७७/०७८

मिति २०७७।०८।०७

सम्पूर्ण शेयरधनि महानुभावहरु,

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज १ गते जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि पत्र पठाई सकिएको छ कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधारमानी यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**प्रस्ताबहरु**


१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिविध सम्बन्धमा ।

**कार्यक्रम**

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अबधिमा प्रत्येक दिन बिहान ८ बजे देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्यहरुको उपस्थितिमा सुझाब संकलन तथा प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताब उपर छलफल गरि साधारण सभालाई अन्तिम रुप दिने ।

**समय : बिहान ११ बजे देखि**
**स्थान : संस्थाको प्रांगण**

बिश्वनाथ मण्डल
अध्यक्ष




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय

# लागु औषध नियन्त्रणप्रति अझ कडाई आवश्यक

लागु औषध दुर्व्यसनीको संख्या दिनानुदिन बढ्दै गएको छ । हाम्रो समाज यस्तो कुलतमा कतिसम्म फँसीरहेको छ भन्ने कुरा अहिले बढीरहेको लागुऔषध दुरव्यर्सनीहको तथ्याङ्कले देखाउँछ । सरकारी तथ्याङ्क अनुसार नेपालमा एक लाख तीस हजारको हाराहारीमा कडा लागुपदार्थ सेवन गर्नेहरुको संख्या रहेको र त्यस मध्ये सात प्रतिशत महिला रहेका छन् । प्रतिवर्ष ११ दशमलव ३६ प्रतिशतका दरले दुर्व्यसनीहरुको संख्या बढ्दै गएको समेत तथ्याङ्क देखाउँछ ।

यस क्षेत्रमा कार्यरत गैरसरकारी संस्था यो संख्या दुई लाख भन्दा बढी रहेको बताउँछन् । गाँजा, रक्सी जस्ता वस्तुलाई कडा लागु पदार्थको परिभाषा अन्तर्गत राखिएको छैन । तपाईका आफन्त वा छोराछोरीको स्वभाव, बोल्ने शैली र दैनिकी अचानक परिवर्तन हुँदै गएको छ भने सचेत बन्नुहोस् । हुनसक्छ, उनीहरु लागुपदार्थको दुर्व्यसनमा फँस्न लागेका छन् । नेपालमा सबैभन्दा बढी काठमाडौं र क्रमशः सुनसरी, कास्की, मोरङ्ग, झापा, रुपन्देही, चितवन र बाँके जिल्लामा लागु औषध प्रयोगकर्ता रहेको गृह मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभागले गरेको संयुक्त अध्ययनले देखाएको छ । संयुक्त राष्ट्र संघीय संस्थाले गरेको अध्ययन अनुसार विश्वमा ३० करोड लागु औषध दुर्व्यसनी छन् । त्यसैगरी तीन खर्ब ३२ अर्ब डलरको वार्षिक यसको कारोबार हुने गर्दछ ।

मुलुकमा अहिले लागु औषधि दुर्व्यसनीको संख्यामा दिनानुदिन वृद्धि हुन हामी सबैका लागि चिन्ताको विषय बनेको छ । तसर्थ, सम्बन्धित निकायले प्रचलित कानून अनुसार लागु औषध नियन्त्रण गर्न कडा कदम चाल्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एक सय ३६ वटा उद्योग खारेजीमा

**राजविराज**/घरेलु तथा साना उद्योग कार्यालय सप्तरीले मापदण्ड पूरा नगरेको, बीचमै उद्योग बन्द भएको, बैदेशिक रोजगारीमा हिडेको, उद्योग दर्ता गरि लामो समयसम्म संचालनमा नल्याएको तथा समयमै नवीकरण नगराएका कारण १ सय ३६ वटा उद्योग खारेजीमा परेका जानकारी दिएको छ ।

छैठौं उद्योग दिवसको अवसर पारेर मंगलबार राजविराजमा आयोजित एक कार्यक्तमबीच आ.व. २०७६/७७ को प्रतिवेदन सार्वजनिक गर्दै उद्योग अधिकृत सन्तोषकुमार साहले सो जानकारी दिएका हुन् ।

उनले नयाँ दर्ता भएका ती उद्योगसहित जम्मा ९ हजार १ सय २७ उद्योग दर्ता भएको र त्यसमध्ये उद्योगतर्फ ७० र बाणिज्यतर्फ ६६ गरि कुल १ सय ३६ उद्योग खारेजीमा परेको उनले स्पष्ट पार्दै उक्त आ.ब.मा महिलाद्वारा संचालित १ सय ५ र पुरुषद्वारा संचालित २ सय ९० गरि कुल ३ सय ९५ उद्योग दर्ता भएको जानकारी पनि दिए ।

सोही अवधीमा नवीकरण, लगत्त कट्टा, पूँजी बृद्धि, ठाउँसारी, निवेदन र अन्य दर्ता लगायतका शुल्क वापत एक करोड १५ लाख ३१ हजार ८ सय ६६ रुँपैया राजश्व समेत संकलन गरिएको कार्यक्रममा सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख छ ।

कोरोनाका कारण स्वदेशमा रोजगारीको अभाव तथा विदेशमा रोजगारीका लागि गएका यूवाहरु समेत स्वदेश फर्किएपछि बेरोजगारीको समस्या अझै बढेको जानकारी गराएका उद्योग अधिकृत साहले प्रदेश २ सरकार बेरोजगारी समस्या समाधान गर्न हालै दुई वटा महत्वपूर्ण कार्यक्रम मार्फत आवश्यक बजेट समेत छुट्याएकाले यसबाट धेरै हदसम्म बेरोजगारी समस्य न्युनिकरणमा मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे ।

बेरोजगारहरुलाई रोजगारी दिन प्रदेश सरकारले ल्याएको मुख्यमन्त्री रोजगार र प्रदेश प्रमुख रोजगार कार्यक्रमले बेरोजगारी समस्या कम गर्न प्रभावकारी भूमिका खेल्ने उनको भनाइ थियो ।

कार्यक्रममा प्रमुख अतिथि उद्योग बाणिज्य संघका वरिष्ठ उपाध्यक्ष शंकर दास, निर्माण व्यवसायी संघका अध्यक्ष एनेश्वर दास, संचारकर्मी बैजनाथ झा लगायतले शुभकामना दिँदै कोरोनाका कारणले समस्यामा परेका उद्योगि व्यवसायीका साथै प्रभावित सबैलाई राहत महसुस हुने गरि सरकारले आवश्यक कार्यक्रम ल्याउनु पर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा सोही कार्यालयमा कार्यरत कार्यालय सहयोगि लिलानाथ दाहाललाई कार्य सम्पादनमा प्रशंसनिय भूमिका निर्वाह गरेवापत नगदसहित प्रशंसापत्रले सम्मान गरिएको थियो ।

# कोशी पीडितद्वारा १२ बुँदे संयुक्त अपील जारि

**राजविराज**/कोशी पीडित उत्थान समाज सुनसरी, उदयपुर र सप्तरीले मुआब्जा र क्षतिपुर्ति हालसम्म नपाएको भन्दै बिहीबार १२ बुँदे संयुक्त अपील जारि गरेको छ ।

कोशी पीडितहरुले तीन पुस्तादेखी मुआब्जा नपाएको भन्दै कोशी पीडित उत्थान समाज सुनसरी, उदयपुर र सप्तरीका अध्यक्ष काशिम अन्सारीले सरोकारवालासहित सर्वसाधारणलाई समेतलाई सो अपील बितरण गरेका छन् ।

जारि गरिएको १२ बुँदे अपीलमा कोशी पीडितहरुले भोग्नु परेको पीडा र समस्याको बारेमा भारतीय पक्ष समक्ष गम्भिर ध्यानाकर्षण गराई दिन समेत सरकारलाई आग्रह गरिएको छ ।

कोशी सम्झौताको कार्यान्वयनसहितका १२ बुँदे अपिल पत्रमा सप्तकोशीमा पुल निर्माणको क्रममा भारतले अधिग्रहण गरेको सुनसरी, उदयपुर र सप्तरीवासीको हजारौं बिगहा नम्बरी जग्गाको मुआब्जा र बालिको क्षतिपूर्ती ७० वर्ष नाघिसक्दा पनि नपाएको उल्लेख गरिएको छ ।

भारत सरकारले कोशी सम्झौता अनुसार वर्षे पिच्छे कोशी कटानबाट पीडितलाई दिनुपर्ने क्षतिपूर्ती नदिएर अन्याय गरेको भन्दै तीन वटै जिल्लाका कोशी पीडितहरु पटक पटक आन्दोलन गर्दै आएका छन् । तर, हालसम्म आश्वासन बाहेक केही नपाइएको अध्यक्ष अन्सारीको भनाई छ ।

अर्का कोशी पीडित मो. इर्शादका अनुसार २०७१ साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आएका बेला दुई देशका प्रधानमन्त्रीबीच कोशीको समस्या समाधान गर्ने सहमति भएपनि त्यो अहिलेसम्म कार्यान्वयनमा आउन सकेको छैन् ।

मुआब्जाका लागि सुनसरी, उदयपुर र सप्तरीका कोशी पीडितहरु संगठित रुपमै दशकौंदेखी चरणबद्ध आन्दोलन गर्दै आएका छन् । यद्दपी नेपाल तथा भारतका सरकारले आफूहरुको माँग र मुद्दाप्रति खासै चासो सम्म देखाउन नसकेको पीडितहरुले आरोप लगाउँदै आएका छन् ।

सुनसरी तथा सप्तरी जिल्लाको सीमामै पर्ने सप्तकोशी ब्यारेज निर्माणको क्रममा भारत सरकारले नेपालतर्फका हजारौं विगहा नम्बरी जग्गा अधिग्रहण गरेको थियो । तर, सम्झौता अनुसार उक्त जग्गाको मुआब्जा तथा बालिनालीको क्षतिपूर्ति अझै पाउन नसक्दा कोशी ब्यारेज निर्माणको क्रममा बिस्थापनमा परेका सुनसरी, उदयपुर र सप्तरीका हजारौं पीडितहरु दशकौंदेखी मुआब्जा माग्दै संघर्षरत छन् ।

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# विभिन्न पालिका तथा विद्यालयहरुमा खानेपानी तथा सरसफाईका कार्यक्रमहरु सम्पन्न

**राजविराज**/सामुदायिक विकास केन्द्र नेपाल सप्तरीले कोभिड १९ को पूर्वतयारी तथा प्रतिकार्य परियोजना अन्तरगत सप्तरी र सिरहाको विभिन्न पालिका तथा विद्यालयहरुमा खानेपानी तथा सरसफाईका कार्यक्रमहरु सम्पन्न गरेको छ ।

कोरोना माहामारीको त्रासका बीच सप्तरी परियोजना अन्तरगत संस्थाले दोश्रो चरणको कार्यक्रम अनुसार दुबै जिल्लामा ती कार्यक्रमहरु सम्पन्न गरेको हो ।

आइसोलेशन कक्ष, क्वारेन्टाइन केन्द्र, स्वास्थ्य चौकी र पालिकाहरुमा खानेपानी तथा सरसफाई श्रोत निर्माण तथा मर्मत सम्भारका कार्यहरु सम्पन्न गरेको जनाएको छ ।

दोश्रो चरणको कार्यक्रम अन्तरगत सम्पन्न ती कार्यहरुको सरोकारवाला निकायहरुको सहभागितामा संयुक्त अनुगमन समेत गरिएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन् ।

सप्तरीको रुपनी गाउँपालिका वडा नं. ६ स्थित लु.ल.सु जनता मावि तरहौता, बोदेबरसाइन नगरपालिका वडा नं. ५ स्थित चन्द्रा नमूना मावि तथा सिरहाको धनगढीमाई नगरपालिका अन्तरगत रहेको महेन्द्र गेनाई आइसोलेशन अस्पताल, नरहा गाउँपालिकास्थित जनता बनवाली मावि र सिरहा कारागारमा सम्पन्न ती कार्यहरुको अनुगमन गरिएको हो ।

सो अनुगमनमा सप्तरीका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्य, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख एवं जिल्ला स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिका संयोजक प्रभाकर यादव, रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव, प्रमुख प्रशासकीय अधिकृत रेणुका साहलगायत अन्य जिल्लाका सरोकारवाला निकायका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

त्यस्तै सिरहामा गरिएको अनुगमनका क्रममा सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिप कडेल, समन्वय समितिका प्रमुख रामचन्द्र ठाकुर, नरहा गाउँपालिकाका उपप्रमुख गुलाबदेवी चौधरी, प्रमुख प्रशासकीय अधिकृत राजकुमार दास तथा अन्य सरोकारवाला निकायको सहभागिता रहेको थियो ।

संयुक्त अनुगमनका क्रममा सिरहा र सप्तरी कारागारमा रहेका कैदीबन्दीहरुका लागि स्वच्छता सामाग्रि समेत बितरण गरिएकोमा दुबै जिल्लाका प्रजिअहरुले माहामारीको समयमा संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व बहन गरेकोप्रति प्रशंसा व्यक्त गर्दै धन्यवाद समेत दिए ।

"चर्पी हाम्रो प्राकृतिक आवश्यकता" भन्ने मूल नाराका साथ १८ औं विश्व चर्पी दिवस समेत अनुगमनकै क्रममा मनाइएको संस्थाका टिम लिडर देवविलास यादवले जानकारी दिए । यसअघि नेपाल खुल्ला दिसामुक्त घोषणा भइसकेको छ ।

# सप्तरीका सहिद तथा घाइते परिवारहरुसँग भेटघाट

**राजविराज**/प्रतिनिधिसभा सदस्य चन्दा चौधरी सप्तरीका सहिद तथा घाइते परिवारहरुसँग भेटघाट गरेकी छिन् ।

विभिन्न आन्दोलनका क्रममा सहिद तथा घाइते भएका परिवारजनको अवस्था तथा आवश्यकता बुझ्नका लागि प्रतिनिधी सभा सदस्य चौधरीले सप्तरीका सहिद तथा घाइते परिवारसँग भेटघाट गरेकी हुन् ।

सहिद तथा बेपता परिवार घाईते एवं द्वन्द्व प्रभावित व्यवस्थापन बिभाग प्रमुख समेती रहेकी चन्दा चौधरीले जिल्लाका १३ सहिद र एक घाइते परिवारसँग भेटघाट गरेकी हुन् ।

पहिलो चरणमा सिरहाका रमेश महतो, बेचन यादब, प्रमोद सदाय, बिजय सहनी, राजेश ठाकुर, मो. अनिष र माओवादी द्वन्द्वकालमा मारिएका शिबु यादब ७ जना परिवारसँग भेटघाट गरी अबस्था बारे जानकारी लिइएको छ ।

त्यस्तै सप्तरीका ईनर यादब, नागेश्वर यादब, खुशीलाल यादब, पिताम्वर मण्डल, सन्जन मेहता, बिरेन्द्र महतो, आनन्द साह, दिलिप साह, राजिव राउत, रामकृष्ण राउत, रघु साफी, बालकृष्ण राउत, बिरेन्द्र राम तथा घाईते श्रवण झाका परिवारसँग भेटघाट गरेकी छिन् ।

उनले पहिलो चरणमा सिरहा र सप्तरीका सहिद तथा घाइते परिवारसँग भेटघाट गरि उनीहरुको अवस्था बुझेको र दोश्रो चरणमा प्रदेश २ का बाँकी ६ जिल्लाका सहिद तथा घाइते परिवारजनसँग चाडै भेटघाट गर्ने कार्यक्रम रहेको बताइन् ।


## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

## छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


# कोरोना संक्रमणबाट स्वास्थ्य अधिकृतको मृत्यु

**राजविराज**/सप्तरी निवासी एक स्वास्थ्य अधिकृतको कोरोना संक्रमणबाट मृत्यु भएको छ ।

सिरहाको कल्याणपुर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रहेका राजविराज वडा नं. २ निवासी ५० वर्षिय स्वास्थ्य अधिकृत गौरीशंकर देवको मृत्यु भएको हो ।

विराटनगरस्थित नोबेल मेडिकल कलेजमा उपचारका क्रममा उनको मृत्यु भएको नोबेल मेडिकल कलेजका प्रबन्धक नारायण दाहालले बताए ।

यता स्वास्थ्य कार्यालय सप्तरीका निमित प्रमुख दुनियाँलाल यादवले दुई साताअघि स्वास्थ्य अधिकृत देवको कोरोना पोजेटिभ देखिएको जानकारी दिदै उनले त्यसपछि नोबेलमा उपचार गराइरहेको बताए । सोही क्रममा उनको मृत्यु भएको उनले बताए ।

यससँगै जिल्लामा सात महिलासहित कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्याको ३६ पुगेको छ ।


## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।



## तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नाका खोलाउन सरोकारवालाहरुको माँग

**राजविराज**/नेपाल तथा भारतबीचको आवागमनलाई सहज तुल्याउन विभिन्न नाकाहरु सूचारु गर्न सरोकारवालाहरुले माँग गरेका छन् ।

जिल्ला समन्वय समिति समिति सप्तरीले सोमबार राजविराजमा आयोजना गरेको नेपाल भारत सीमा सम्वाद समूह बैचारिक गोष्ठीमा सरोकारवालाहरुले सो माँग गरेका हुन् ।

विगत लामो समयदेखी कोरोना संक्रमणका कारण बन्द रहेको ती नाकाहरु खोलाउन सरकारसँग सरोकारवालाहरुले माँग गरे ।

जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवको अध्यक्षतमा आयोजित गोष्ठीमा बोल्दै नेपाल भारत यूवा मैत्री संघका अध्यक्ष किशोर यादवले लामो समयसम्म भारतसँग जोडिएको बोर्डर सील हुँदा कालो बजारी बढेको र जिल्लाका जनता थप मारमा परेको बताए ।

यस्तै जेष्ठ नागरिक संघ प्रदेश २ का अध्यक्ष शंकर सारदाले सीमावर्ती क्षेत्रमा वारिपारी विवाहको चलन पुस्तौंदेखी रहेको बताउँदै लामो समयसम्म सीमा सील हुँदा बैवाहिक कार्यक्रम समेत प्रभावित बनेको बताए ।

राजगढ गाउँपालिकाका प्रमुख परमानन्द यादवले विगत जस्तो अहिले कोरोना महामारीको भयावह अवस्था नरहेको दाबी गर्दै अविलम्ब नाका खोल्नु पर्नेमा जोड दिए ।

पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झाले लामो समयसम्म नाका बन्द हुँदा सर्वसाधारणले निकै सास्ती भोगिरहनु परेको गुनासो गरे ।

कार्यक्रममा गैरसरकारी महासंघ नेपाल सप्तरीका अध्यक्ष शम्भुनन्द चौधरी, इतिहास विद डा. पिताम्बरलाल यादव, जसपा नेता गजेन्द्र मण्डलका साथै भारतीय नाकासँग जोडिएका नगर र गाउँपालिकाका प्रमुख तथा उपप्रमुखसमेत सहभागि भई लामो समयदेखी सील नाका आवश्यक सुरक्षा सतर्कता लगायतका व्यवस्था मिलाई अविलम्ब नाका खोल्नु पर्ने माँग गरेका थिए ।

कार्यक्रममा प्रदेश सभा सदस्य नेत्रविक्रम साह र प्रतिनिधिसभा सदस्यद्वय चन्द्रकान्त चौधरी र दुलारीदेवी खंगले समेत लामो समयसम्म नाका सीलका कारण जिल्लावासीले भोग्नु परेको पीडा र समस्याका बारेमा चर्चा गर्दै यस बारे सरकारको गम्भिर ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# करेन्ट लागेर हात्तिको मृत्यु

**राजविराज**/कोशी टप्पु वन्यजन्तु आरक्षबाट निस्केको एक हात्तीको करेन्ट लागेर मृत्यु भएको छ ।

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. ५ पडेमारामा ३३ हजार केभी हाईभोल्टेज तारमा छोएर हात्तीको मृत्यु भएको हो ।

स्थानियहरुले हात्तीको अन्य कुनै भागमा चोटपटक नभएकोले करेन्टकै कारण मरेको हुनसक्ने बताएका छन् ।

आरक्षबाट समूहमा निस्केका हात्तीले पोलमा शरीर घिंसारेपछि पोल झुकेकोले करेन्ट लागेको हुनसक्ने कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यालय कुशहा सुनसरीका प्रमुख चन्द्रशेखर चौधरीले जानकारी दिए ।

सो स्थलमा कुशहा गणका नेपाली सेना, ईलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी, कोशी टाप्पु वन्यजन्तु आरक्ष कार्यालय कुशहा र जिल्ला वन कार्यालयका कर्मचारी पुगेर सर्वसाधारणको भिड र मृत हात्तीको व्यवस्थापन गरेका थिए ।

# वडा अध्यक्ष र सेवाग्राहीबीच कुटाकुट

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाँउपालिका वडा नं. ६ का वडा अध्यक्ष र सेवाग्राहीबिच कार्यालयमै कुटाकुट भएको छ ।

कृषि सम्बन्धी सिफारिस नगरेको भन्दै स्थानिय बिनोद साह र वडा अध्यक्ष बिरेन्द्र साहबीच कुटाकुट भएको हो ।

कार्यालयमा तालाबन्दी भएका कारण कृषि शाखाका कर्मचारीहरु नजिकै रहेको वडा कार्यालयमा गएर विगत एक महिनादेखी कामकाज गर्ने गर्थे ।

यसैबीच सोमबार पनि उनीहरुले सेवाग्राहीको काम गर्दै गर्दा वडा अध्यक्ष बिरेन्द्र साहले कर्मचारीलाई सेवाग्राहीको काम नगर्न भनेपछि उत्पन्न विवादपश्चात् सेवाग्राही बिनोद साह र वडाअध्यक्षबीच कुटाकुट भएको हो ।

कृषि शाखाका बागबानी अधिकृत सिंहेश्वर महतोले विगत एक महिनादेखी आफ्नै मनमानीमा कार्यालायमा तालाबन्दी गरेका हुन् ।

विगत एक वर्षदेखी कृषि शाखामा कर्मचारीले नै तालाबन्दी गर्ने गरेको र कर्मचारीकै आपसी सहमतिमा कार्यालय खोल्ने गरेका थिए ।

घटनाको बेला जनता समाजबादी पार्टी सप्तरीका जिल्ला अध्यक्ष केदार यादव, पत्रकार कृष्ण मण्डल, कृषि शाखाका प्रसार अधिकृत शिवान्द मिश्रा, बाली संरक्षण अधिकृत कपिलदेव यादव, नाप्रासहरु संगिताकुमारी चौधरी, नारायण खत्री, रिंकु दास र कार्यालय सहयोगी अर्जुन कुमार साहलगायत एक दर्जन सेवाग्राहीहरुको उपस्थित थियो ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी शंकरहरि आर्चायले गाउँपालिका अध्यक्ष र उपाध्यक्षको कमिकमजोरीले गर्दा यस्तो अवस्था सृजना भएको भन्दै उनले घटना बारे वडा अध्यक्ष तथा कृषि शाखा

*बाँकी अन्तिम पृष्ठमा*

# सहिद प्रभु नारायण स्मृति क्रिकेटको उपाधी लालपटीलाई

**राजविराज**/सहिद प्रभु नारायण स्मृति क्रिकेट प्रतियोगिताको फाईनल खेलको उपाधि कल्याणपुर लालपटीले हात पारेको छ ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकास्थित तोपाको खेलमैदानमा सहिद प्रभु नारायण स्मृति ट्रस्टद्वारा संचालित फाईनल खेलमा बरमझियालाई ७६ रनले पराजित गर्दै कल्याणपुर लालपटीले सो उपाधी हात पारेको हो ।

खेलमा टस जितेर बरमझियाले कल्याणपुरलाई ब्याटिङको लागि निम्तियाए पछि कल्याणपुर लालपटी क्रिकेट टिमले निर्धारित २० ओभरको खेलमा ८ बिकेट गुमाई २ सय ४ रनको योगफल खडा गरेको थियो । जसमा कल्याणपुर टिमका लागि मोहम्मद अब्दुलले सर्वाधिक ५५ रन, मोहम्मद एकवाल, २१ रन, राकेश १५, नाने १३, मो.सकिमले १२ रन जोडेका थिए ।

बलिङ तर्फ बरमझिया टिमका बिजय गुप्ता ३, कुन्दन २, तारानन्द, चन्दन, जुगेश्वर र महानन्द १/१ बिकेट हात पारेका थिए ।

जवाफमा बरमझिया टिमले १६ ओभर ४ बलमा सबै बिकेट गुमाई १ सय २८ रनमै सिमित भयो । जसमा अमन २४, तारानन्द १६, पवनले १५ रन बनाएका थिए । बलिङ तर्फ कल्याणपुर सकिम ३, अनुज, बरूण र ननेले २/२ बिकेट र अब्दुलाले १ एक बिकेट लिएका थिए ।

सो खेलमा फाईनल म्यान अफ दि म्याच अब्दुल, म्यान अफ दि सिरिज मोहम्मद नने, बेस्ट बलर, बेस्ट ब्याट्स म्यान महानन्द यादबलाई घोषित गरिएको थियो ।

सो अवसरमा प्रदेश २ का सामाजिक बिकास मंन्त्री नवलकिशोर साहले खेलको महत्व बढ्दै गएको खेलकुदलाई पेशाको रूपमा अपनाउनु पर्नेमा जोड दिएका छन ।

उनले तिलाठी कोईलाडी गाउपालिका ८ स्थित तोपामा जग्गा उपलब्ध गराएमा खेलकुद मैदान बनाई दिने प्रतिबद्धता जनाए । मन्त्रि साहले खेलकुद बिकासका लागि प्रदेश २ सरकारले प्रत्येक जिल्लालाई ५/५ लाख छुटयाईएको जानकारी समेत दिए ।

मन्त्री साहले बिजेता टिम कल्याणपुर, लालपटीलाई ११ हजार १ सय नगद र उपबिजेता बरमझिया टिमलाई ५ हजार ५ सय नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र बितरण गरेका थिए ।

कार्यक्रममा तिलाठी कोईलाडी गाउपालिका प्रशासकिय अधिकृत केशव झा, तिलाठी कोईलाडी गाउपालिका ८ का वडा अध्यक्ष लक्ष्मी मण्डल, युवा नेता गुडु सिँह, किशोर कुमार यादब, नेका नेता अरूण मण्डललगायतले शुभकामना मन्तब्य दिएका थिए ।

ट्रस्टका अध्यक्ष अबधेश कुमार झाको अध्यक्षतामा आयोजित प्रतियोगितामा स्वागत मन्तब्य सफिद मंसुरीले गरेका थिए ।



# घरबाटै लागु औषधको कारोबार



**राजविराज**/पछिल्लो समय केही औषधी पसलबाट लुकिछिपी प्रतिबन्धित लागु औषध बिक्रि बितरण हुँदै आएको जानकारी आएपछि प्रहरीले निगरानी बढाएका बेला कतिपय कारोबारीले नयाँ नयाँ जुक्ति अपनाउन थालेका छन् ।

यसैक्रममा प्रहरीको आँखा छल्दै घरबाटै लागु औषधको कोरोबार सुरु गरेका एक कारोबारी प्रहरी फन्दामा परेका छन् । घरबाटै प्रतिबन्धित लागु औषधको कारोबार सुरु गरेका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका १० बस्ने ३२ वर्षिय राजिव मण्डल शुक्रबार साँझ प्रहरी फन्दामा परेका हुन् ।

भारतबाट लुकाईछिपाई प्रतिबन्धित लागु औषध ल्याई घरबाटै बिक्रि बितरण गर्दै आएको गोप्य सूचना आएपछि जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयबाट खेटेको संयुक्त टोलीले लागु औषधसहित मण्डललाई पक्राउ गरेको हो ।

प्रहरीले उनको घरबाट बिक्रिका लागि राखिएका डाइरेक्स डिसी १० बोतल, नाइट्रोभेट ८३ पिस, नाइट्रोसन ५१ पिस, स्पास्मोप्रोसिभन ७५ पिस र १२५ ग्राम गाँजा समेत बरामद गरेको छ ।

मण्डललाई लागु औषध मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले बताए ।

दुई साता अघि पनि सप्तरीको बोदेबरसाईन नगरपालिकास्थित एक औषधी व्यवसायीको घरमा प्रहरीले छापा मार्दा ठूलो परिमाणमा प्रतिबन्धित लागु औषध बरामद गरेको थियो । भारतबाट लुकिछिपी लागुऔषध ल्याउने र घरमै भण्डारण गरि बिक्रि बितरण बढेपछि निगरानीका लागि शंकास्पद ठाउँमा सादा पोशाकमा प्रहरी परिचालन गरिएको उनको भनाई छ ।

## *मैथिली भाषाको...*

को पहिलो भाषा मैथिलीको संरक्षण गर्न प्रदेश सरकारले समेत यथोचित सहयोग गर्ने प्रमुख अतिथि यादवले प्रतिवद्धता व्यक्त गरे । मैथिली भाषाको प्रचार प्रसार गर्न व्यापक प्रयोगमा ल्याउनुपर्नेमा जोड दिँदै उनले भने ‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍‍आफ्नो मातृभाषाको संरक्षण गर्नु हामी सबैको दायित्व हो, यसको शुरुवात घरबाटै हुनुपर्दछ ।

कार्यक्रममा इतिहासविद् प्रा.डा. पिताम्बरलाल यादव, मैथिली साहित्य परिषद्का पूर्व अध्यक्षद्वय विवेकानन्द मिश्र, शुभचन्द्र झा, अन्तर्राष्ट्रिय मैथिली परिषद् नेपालकी अध्यक्ष करुणा झा, पूर्व प्राचार्य नथुनी दास, मैथिली महिला परिषद्का अध्यक्ष शान्ति झा, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायणलाल दास, युवा नेता पार्थो सरकार, लेखक प्रा.डा. भोला झा लगायतले महाकवि विद्यापतिको व्यक्तित्व एवम् कृतित्वबारे चर्चा गरे । सोही कार्यक्रममा प्राध्यापक भोला झाद्वारा लिखित दादा कृष्णाराम मरौटी नाटकको पुस्तक समेत प्रमुख अतिथि यादवले विमोचन गरे ।

परिषद्का अध्यक्ष सतिश कुमार दत्तको अध्यक्षतामा आयोजित कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष श्यामसुन्दर यादव तथा सञ्चालन सचिव श्यामसुन्दर यादवले गरे ।

# बलात्कार आरोपित बालकलाई छ महिना कैद

**राजविराज**/खेल्ने क्रममा साढे तीन वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा जिल्ला अदालतले १४ वर्षीय एक बालकलाई छ महिना कैद सजायको फैसला गरेको छ ।

जिल्ला न्यायाधीश चन्द्रमणि ज्ञवालीको इजलाशले गत कात्तिक २४ गते कसुर ठहर भई सजाय निर्धारणका लागि पेश भएकामा शुक्रबार कैदसजाय तोकिएको जिल्ला अदालतले जनाएको छ । खेल्ने क्रममा घरदेखि उत्तर रहेको पोखरीको डिलमा ०७६ भदौ ६ गते आरोपितले बलात्कार गरेको पीडितले बताएपछि थाहा पाउनुभएकी उहाँकी आमाले इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिनुभएको थियो ।

इलाका प्रहरी कार्यालय कडरबोनाले घटनाको भोलिपल्टै आरोपितलाई पक्राउ गरी उजुरी

*बाँकी अन्तिम पृष्ठमा*


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## अन्तर्राष्ट्रिय समाचार

# संयमता अपनाउन संयुक्त राष्ट्रसङ्घको आग्रह

**न्युयोर्क**/संयुक्त राष्ट्रसंघले मध्यपूर्वमा संयमता अपनाउन आग्रह गरेको छ । इरानका एकजना वैज्ञानिकको हत्या भएपछि संयुक्त राष्ट्रसङ्घले सो आग्रह गरेको हो । ती वैज्ञानिकको हत्यापछि त्यहाँ हुनसक्ने हिंसाको मध्यनजर गर्दै सो कुरा बताएको हो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले सो आग्रह गर्नुभएको हो । महासचिव गुटर्रेसका प्रवक्ता फराह हकले बिहीबार प्रकाशन गरेका विज्ञप्तिमा सो आग्रह गरिएको छ ।

उपप्रवक्ता हकद्वारा प्रकाशन गरिएको सो विज्ञप्ति भनिएको छ, हामीलाई लाग्छ सो क्षेत्रमा अब कुनै पनि किसीमको हत्या हिंसाको अवस्था आउन भएन, त्यसका लागि अहिले नै संयमता अपनाउनु जरुरी छ ।

शुक्रबार इरानका एकजना वरिष्ठ आणविक वैज्ञानिकको हत्या भएको छ । इरानका वरिष्ठ आणविक वैज्ञानिक मोसेन फाहरिजादेहको हत्या भएको थियो ।

इरानको रक्षामन्त्रालयले सो हत्याको विषयमा पुष्टि गरेको छ । सो मन्त्रालयले शुक्रबार आफ्ना वरिष्ठ आणविक वैज्ञानिकको हत्या भएको जानकारी दिएको छ । एजेन्सी

# भारतको जम्मु कश्मिरमा पहिलो चरणको मतदान

**जम्मु**/भारतको जम्मु र कश्मिर क्षेत्रमा शनिबार पहिलो चरणको निर्वाचन अन्तर्गत मतदान भएको छ ।

जिल्ला विकास परिषद् (डिडिसी) गठनका लागि शनिबार विहानदेखि मतदान भएको अधिकारीले जानकारी दिएका छन् ।

स्थानीय समयानुसार विहान सुरु भएको मतदान दिउसो २ बजेसम्ममा सम्पन्न गर्ने तय गरिएको थियो ।
केन्द्रीय सरकार मातहतमा रहेको कुल २८० निर्वाचन क्षेत्रमध्ये ४३ निर्वाचन क्षेत्रमा शनिबार पहिलो चरणको मतदान भएको हो ।

जम्मु र कश्मिरमा जिल्ला विकास परिषद्को निर्वाचन आठ चरणमा सम्पन्न गर्ने निर्वाचन कार्यालयले तालिका बनाएको छ । सवै चरणका निर्वाचन आगामी डिसेम्बर १९सम्ममा सम्पन्न हुने तालिका रहेको छ ।

त्यसैगरी गणना भने डिसेम्बर २२ देखि हुने निर्वाचन कार्यालयका अधिकारीले जानकारी दिएका छन् ।

जिल्ला विकास परिषद्सँगै खालि रहेका सहरी स्थानीय संयन्त्र (युएलबी)को २३४ सिटका लागि पनि निर्वाचन हुने जनाइएको छ ।

निर्वाचनका लागि नेस्नल कन्फ्रेन्स, पिपल्स डेमोक्रयाटिक पार्टी, पिपल्स कन्फ्रेन्स र सिपिआई(एम) पार्टीले गठबन्धन बनाएर प्रतिश्पर्धामा उत्रिएका छन् ।

निर्वाचनमा राष्ट्रिय पार्टी भारतीय जनता पार्टी (भाजपा) र भारतीय राष्ट्रिय काँग्रेसले पनि आ आफ्ना उम्मेदबार प्रतिश्पर्धामा उतारेका छन् ।

मतदानका क्रममा कोरोनाभाइरस सर्न नदिनका लागि आधारभूत स्वास्थ्य सतर्कता अपनाउन लगाइएको छ ।
स्वास्थ्य विभागका कर्मचारीलाई परिचालन गरेर निर्वाचनमा संलग्न सवैलाई मापदण्ड पलना गर्ने व्यवस्था मिलाइएको निर्वाचन आयुक्त के के शर्माले जानकारी दिनुभयो ।

निर्वाचनका लागि अत्यावश्यक पर्ने, सुरक्षा व्यवस्थालगायतका सवै व्यवस्थापन पर्याप्तरुपमा गरिएको छ, शर्माले भन्नुभयो ।

उहाँका अनुसार पहिलो र दोस्रो चरणको निर्वाचन हुने दुर्गम क्षेत्रमा पनि निर्वाचनको तयारी पुरा गरिएको छ ।

जम्मु र कश्मिरका प्रहरी महानिर्देशक डिलबाग सिंहको अध्यक्षतामा शुक्रबार बसेको उच्चस्तरीय बैठकले निर्वाचनको तयारी सम्वन्धी सवै पक्षमा समिक्षा गरेको थियो । एजेन्सी

# आन्दोलनरत किसानलाई वार्तामा आउन आग्रह

**नयाँ दिल्ली**/विभिन्न माग राख्दै आन्दोलनमा उत्रिएका किसानलाई वार्तामा आउन भारत सरकारले आग्रह गरेको छ ।

हजारौं किसानको आन्दोलनलाई सम्वोधन गर्नका लागि उनीहरुका नेतालाई वार्तामा आउन आग्रह गरिएको सरकारी अधिकारीले जनाएका छन् ।

कृषिसम्वन्धी कानुनप्रति असन्तुष्टि जनाउदै केही दिनदेखि भारतका किसानले केन्द्रीय राजधानी नयाँदिल्लीसहित विभिन्न ठाउँमा व्यापाक विरोध प्रदर्शन गर्दै आएका छन् ।

नयाँ कानुनअनुसार किसानका उत्पादन सस्तो मुल्यमा किनबेच हुने र किसान मर्कामा पर्ने आन्दोलनमा उत्रिएकाको भनाइ छ ।

प्रदर्शनका क्रममा किसान र प्रहरीका बीचमा झडप भएको थियो भने प्रहरीले अश्रुग्यास, पानीको फोहोरालगायतको प्रयोग गरेर प्रदर्शनकारीलाई लखेटेको थियो ।

आन्दोलन चर्किदै र हिंसात्मक हुँदै जान थालेपछि कृषि मन्त्री नरेन्द्रसिंह तोमरले आन्दोलनकारी किसानका अगुवालाई वार्तामा आउन आह्वान गर्नु भएको हो ।

“हामीले आन्दोलनरत किसानका नेतालाई वार्ताका लागि आह्वान गरेका छौं, वार्ता आगामी डिसेम्बर ३ मा गर्न हाम्रो प्रस्ताव छ, हामी त्यो भन्दा अगाडि वा अहिले नै वार्ता गर्न तयार छौं,” उहाँले भन्नुभयो ।

सरकारले वार्ताका लागि आह्वान गरेपनि आन्दोलनकारी किसानका तर्फबाट भने यो समाचार लेख्दासम्म कुनै प्रतिक्रिया नआएको समाचारमा जनाइएको छ । एजेन्सी

# फलफुल बितरण, सरसफाईदेखी रक्तदान सम्मको कार्यक्रम



**राजविराज**/लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानअन्तर्गत शनिबार राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा सरसफाईका साथै बिरामीहरुलाई फलफूल वितरण गरिएको छ।

अभियानको चौथो दिन अस्पतालका बिरामीहरु, पोषण गृहका कुपोषित बालबालिका र बाटोमा हिंडने विपन्न जेष्ठ नागरिक र बालबालिकाहरुलाई फलफूल वितरण गरिएको हो।

मूल समारोह समितिका संयोजक मनोहर पोखरेलले बिरामीहरुका साथै हिंसा पीडित महिलाहरुलाई समेत फलफूल वितरण गरिएको जानकारी दिए।

यसै क्रममा फलफूल वितरण कार्यक्रम चलिरहँदा अस्पतालको आकस्मिक कक्षमा रगतको कमी भएका एक विरामीले रगत उपलब्ध गराइदिन आग्रह गरेपछि त्यसको समेत व्यवस्थापन गरिएको संयोजक पोखरेलले जानकारी दिए। मूल समारोह समितिकातर्फबाट ग्रीन नेपालका अध्यक्ष खेलानन्द दासले बिरामीका लागि एक पाउण्ड रगत दान दिएका थिए।

विभिन्न संघ-संस्थाको संयोजनमा मूल समारोह समितिले १६ दिने कार्यक्रमअन्तर्गत व्यक्तित्वकला, चित्रकला, कविता प्रतियोगिता, कानुनी शिक्षा, तालिम, अन्तरक्रिया, मर्यादिन महिनाबारीबारे सम्वाद, सेनेटेरी प्याड वितरण, पीडितलाई हौसला र सहयोग प्रदान, र्‍यालीलगायतको कार्यक्रम तय गरेको छ।

### वडा अध्यक्ष र ...

अधिकृत महतोसँग समेत जानकारी लिने बताए।

यता गाँउपालिकाका कर्मचारीहरुले विगत ५ महिनादेखी तलब पाएका छैनन् भने गाँउपालिकाको परिषद् समेत हुन सकेको छैन्। यसैबीच गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेम थापाले पनि सरुवा गराई अन्यत्र गइसकेका छन्।

# मैथिली साहित्य परिषद्लाई विद्यापति मैथिली भाषा-साहित्य पुरस्कार

**राजविराज**/नेपाल विद्यापति मैथिली भाषा-साहित्य पुरस्कार यस वर्ष मैथिली साहित्य परिषद् राजविराजलाई प्रदान गरिने भएको छ।

परिषद्ले मैथिल संस्कृति, सभ्यता, भाषा र साहित्यको संरक्षण र प्रवर्द्धनमा पुऱ्याएको योगदान क्रियायाशीलताका लागि सो पुरस्कार दिइने निर्णय गरिएको हो। कोषद्वारा जारी प्रेस विज्ञप्तिमार्फत उक्त जानकारी दिइएको हो।

सरकारबाट स्थापित विद्यापति पुरस्कार कोषद्वारा पाँच विधामा वर्षेनी प्रदान गर्ने सो पुरस्कारको राशि रु दुई लाख रहेको छ।

त्यस्तै सो पुरस्कारअन्तर्गत रू एक लाख राशि भएको नेपाल विद्यापति मैथिली अनुवाद पुरस्कार धनुषा जिल्लाका वृषेशचन्द्र लाललाई दिने निर्णय गरिएको छ। उहाँलाई बिपी कोइरालाको मोदियाइन र सुम्निमा कृतिको मैथिली भाषामा अनुवादका लागि सो पुरस्कारबाट पुरस्कृत गर्ने निर्णय गरिएको हो।

धनुषा जिल्लाका सुजितकुमार झालाई 'पुनि पुनि होत विवाह' नामक अनुसन्धामूलक कृतिका लागि नेपाल विद्यापति मैथिली अनुसन्धान पुरस्कार सप्तरी जिल्लाका अमरेन्दकुमार यादवलाई 'स्त्री आ आगि' नामक कृतिका लागि नेपाल विद्यापति मैथिली पाण्डुलिपि पुरस्कार प्रदान गर्ने निर्णय गरिएको कोषद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। सो पुरस्कारको राशि जनही रू.एक लाख रहेको छ।

त्यस्तै सप्तरी जिल्लाका सुनिताकुमारी साह र धनुषा जिल्लाका अजितकुमार साहलाई नेपाल विद्यापति कला संस्कृति पुरस्कार प्रदान गर्ने निर्णय गरिएको छ। सो पुरस्कारको राशि जनही रू ५० हजार रहेको छ। सदस्य सचिव नवीन मिश्रका अनुसार पाँचै विद्याका पुरस्कारको वितरण चालू आर्थिक वर्षभित्र नै हुनेछ।

### बलात्कार ...

दर्ता गरेको थियो। जिल्ला अदालतको इजलाशले आरोपित बालकलाई पुर्पक्षका लागि ०७६ भदौ १९ गते बालसुधार गृह वीरगञ्ज पठाउने आदेश गरेको थियो।


# लेखा परीक्षण गर्ने लेखापरीक्षक आवश्यकता सम्बन्धी सूचना

सप्तरी जिल्ला भरी कार्य क्षेत्र भई हाल सेलर मिल समेत संचालनमा रहेको जन ज्योति कृषि सहकारी संस्थाको आ.व. २०७७/०७८ को लेखा परीक्षण गर्न लेखापरीक्षक आवश्यक्ता भएकोले इच्छुक दर्तावाला चार्टड एकाउन्टेन्टस् एशोसिएट्सहरुबाट तपसिलका कागजातहरु र लेखा परीक्षण शुल्क (कर समावेश गरिएको) सहितको प्रस्ताव आव्हान गरिन्छ।

**(क) कार्य विवरण**

१) संस्थाको आ.व. २०७७/०७८ को प्रत्येक त्रैमासिक आन्तिरिक लेखा परीक्षण गरी वार्षिक लेखा परीक्षण पेश गर्ने।

२) कर योजना र कर परीक्षण कार्यमा सहयोग गर्ने।

३) विधान ऐन नियम अनुसार नीतिगत सुधार तथा संशोधनको लागि आवश्यक राय सुझाव पेश गर्ने।

**(ख) आवश्यक कागजातहरु**

१) नविकरण भएको दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।

२) नविकरण भएको पेशागत प्रमाण पत्रको प्रतिलिपी।

३) कर चुक्ता प्रमान पत्रको प्रतिलिपी आ.व.२०७६/०७७ को।

४) प्यान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी।

५) कम्पनी/एशोसियट्सको प्रोफाईल।

**(ग) अन्य**

१) फारम भर्ने अन्तिम मिति २०७७/०८/१४ गते सम्म।

२) लेखा परिक्षण शुल्क आपसी समझदारीमा साधारण सभाबाट पारित भए बमोजिम।

**जन ज्योति कृषि सहकारी संस्था**
**राजविराज ९, मलेठ**


# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*